# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पशुपंक्षी सेवा शाखा

प.सं. :- ०७९/८०
यासोक, पाँचथर
च.नं. :- ८६
१. नं. प्रदेश, नेपाल

मिति:२०७९।०४।३०

विषय: जानकारी गराईदिने सम्बन्धमा ।

श्री सबै वडा कार्यालय
कुम्मायक गाउँपालिका ,पाँचथर ।

उपरोक्त सम्बन्धमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरको पत्र संख्या ०७९।०८० को च.न.३० को पत्र अनुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथर अन्तर्गत कार्यक्रमको लागि प्रस्ताव आवहान सम्बन्धि सुचना प्राप्त भए अनुसार तहाँ वडा कार्यालयमा सो सुचना टाँसिदिनुहुन तथा सम्पुर्ण किसानहरुलाई जानकारी गराई दिन हुन यसै पत्र साथ संलग्न सूचनाहरु पठाईएको व्यहोरा जानकारी गराईन्छ ।

Kapil

कपिल देव मल्ल
प.स्वा.प्रा

"सामाजिक आर्थिक विकासका पूर्वाधार: समृद्ध कुम्मायकको आधार"

फोन: ०२४-४१३०६१

प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र.**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन / इमेल / वेबसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं. १-२०७९/०८०**

***प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०४/३०***
***प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७९/०५/२८ गतेसम्म***

यस बिज्ञ केन्द्रको आ.व.०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम **अनुसार** पाँचथर जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि कृषि व्यवसाय प्रबर्द्धन नियमावली, २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ ले तोके बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम गर्नका लागि पाँचथर जिल्ला अर्न्तगतका इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन।
थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२२१२७ वा मोबाइल नं.९८५२६६०१२७ मा सम्पर्क राख्नु हुन वा विज्ञ केन्द्रको वेवसाइटबाट http://vhlecpanchthar.p1.gov.np/ कार्यक्रम कार्यान्वयन सम्बन्धि ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ। एकपटक संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन बर्षसम्म कुनै अनुदान उपलब्ध गराइने छैन।

**कार्यक्रम विवरण**

| क.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ सँग सम्बन्धित बुँदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १. | बेरोजगार पशु सेवा प्राविधिकलाई व्यवसायिक पशुपालन कार्यक्रम (४) | प्रति इकाई अधिकतम २ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.७.३ | पशुपालन बिषयमा कम्तिमा प्राविधिक एस.एस.सी.मा मान्यताप्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी बिषय अध्ययन पुरा गरी बेरोजगार बसेका युवा। |
| २. | व्यवसायिक भैसीपालन प्रवर्द्धन कार्यक्रम (२) | प्रति इकाई अधिकतम २५ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.१.३ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |
| ३. | द्वन्द पिडित पशुपन्छीपालन कार्यक्रम (७) | प्रति इकाई अधिकतम ३ लाख वा लागत रकमको ७५% | | नेपाल सरकारबाट प्रमाणपत्र उपलब्ध गराइएको द्वन्द पिडित तथा सशस्त्र द्वन्दका सहिद/बेपत्ता परिवार। |
| ४. | युवालक्षित पशु विकास कार्यक्रम (१०) | प्रति इकाई अधिकतम २ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.१ | पशुपन्छीपालन फर्म/उद्योग/कम्पनी |
| ५. | वातावरण संरक्षण एवं पोषण सुधारको लागि करेशा पोखरी निर्माण (५) | प्रति इकाई अधिकतम २५ हजार वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.४.१ | समूह/सहकारीमा आवद्ध कृषक सदस्यहरु |
| ६. | कृषि/पशु सहकारी संस्थाहरुसँगको सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम (२) | प्रति इकाई अधिकतम ३५ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.२ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |
| ७. | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम मासुमा आत्मनिर्भर कार्यक्रम अर्न्तगत (१) | प्रति इकाई अधिकतम ३५ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.७ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |

**आवेदन दस्तुर :**

एकल खाता रहेको बैंक शाखा : नेपाल बैंक लिमिटेड फिदिम शाखा

| कार्यालयको नाम | खाता नं. | कार्यालय कोड | राजश्व शीर्षक | राजश्व रकम |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, **पाँचथर** | २७००२०००००१००१००००००१ | ३१२०२०२०११ | १४२२९ | व्यक्तिगत रु.१००, संस्थागत रु.२००, ५० लाख वा सो भन्दा बढी कूल लागत भएको अनुदानको लागि रु.५००।० |

वा यस कार्यालयबाट New RMIS मा नगदी रसिद काटेको भौचर।

## प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :

१ नेपाली नागरिकताको प्रतिलिपी
२. स्थानीय तहबाट प्रमाणित किसान परिचय-पत्र भएमा संलग्न गर्ने। किसान परिचयपत्र संलग्न भएको प्रस्तावलाई प्राथमिकता दिइनेछ।
३.अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदन साथ सूचना प्रकाशन अगावै दर्ता भएको फर्म, उद्योग, कम्पनी, समूह/संस्था/सहकारी, स्थायी लेखा नं., करचुक्ता प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल, तथा लागत सहभागिता खुलेको प्रस्तावै, सम्बन्धित पशु सेवा शाखा र स्थानीय तहको सिफारिस।
४.सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रङ्गीन फोटोहरु।
५.जग्गा भाडामा भए १० बर्षको भाडाको संभौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी (एकाघरको परिवारको मन्जुरीनामा सहित मालपोत तिरेको रसिद र जग्गाधनिको नागरिकताको प्रतिलिपी)
६.समूह/समिति/सहकारी/साझेदार फर्मको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी।
७.लागत साझेदारी गर्ने रकमको श्रोत/बैंक स्टेटमेन्ट/वितिय संस्थाको प्रतिबद्धता पत्र।
८.पशु बीमाको कागजात

**प्रस्ताव बुझाउने स्थान :**
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर

डा. मनोज कुमार महतो
कार्यालय प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/इमेल/वेबसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (बाख्राको ब्लक विकास निरन्तरता) कार्यक्रम सञ्चालनको लागि
## प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं.२-२०७९/०८०**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०४/३०*
*प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७९/०५/२८ गतेसम्म*

यस विज्ञ केन्द्र पाँचथरको आ.व.०७९/०८० को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका क्षेत्रहरुमा बाखा ब्लक विकास कार्यक्रमको निरन्तरता संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३०औं दिनभित्र यस विज्ञ केन्द्र वा सम्पर्क केन्द्र ताप्लेजुङमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन।
थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२०१२७ वा मोवाइल नं.९८५२६६०१२७, सम्पर्क केन्द्र ताप्लेजुङ ९८५२६६०१७८ मा सम्पर्क राख्न र सूचना, कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट विज्ञ केन्द्रको वेवसाइट http://vhlecpanchthar.p1.gov.np/ बाट डाउनलोड वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेवसाइट www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल २०७७ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ।

### प्रस्ताव पेश गर्नको लागि कार्यक्रमहरुको विवरण:

| क.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | प्रति ब्लक अधिकतम साझेदारी रकम | प्रस्तावकको लागत साझेदारी रकम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | आ.व.०७८/०७९ मा स्थापना भएका बाखा ब्लक विकास कार्यक्रमको निरन्तरता *(पाँचथर १, ताप्लेजुङ १)* | संख्या | २ | २० लाख | कार्यविधिमा तोके बमोजिम | **पाँचथर** याङवरक गाउँपालिका वडा नं.४,५,६ पाँचथरका (कृषि समूह/सहकारी/वन उपभोक्ता समिति/व्यवसायिक फर्म/कम्पनी) **ताप्लेजुङ** पाथिभरा याङवरक गाउँपालिका वडा नं.३ ताप्लेजुङका (कृषि समूह/सहकारी/वन उपभोक्ता समिति/व्यवसायिक फर्म/कम्पनी) |

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**
१.अनुसूचि १० बमोजिमको ढाँचामा आवेदन पत्र।
२.आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३.प्रचलित कानून बमोजिम सूचना प्रकाशन अगावै आधिकारीक निकायमा संस्था, फर्म,व्यवसाय दर्ता, नविकरण, र प्यान/भ्याट दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., करचुक्ता प्रमाणपत्र र गत आ.व.लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी।
४.समूह, समिति, सहकारीको कार्यसमितिको निर्णयको प्रतिलिपी साथै संञ्चालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी
५.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी (धनिपुर्जा, मालपोत तिरेका रसिद), लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्ष अवधिको करारनामा वा संझौतापत्रको प्रतिलिपी।
६.सम्बन्धित स्थानीय तह र पशु सेवा शाखाको सिफारिस पत्र।

**७.आवेदन दस्तुर**
एकल खाता रहेको बैंक शाखा : नेपाल बैंक लिमिटेड फिदिम शाखा

| कार्यालयको नाम | खाता नं. | कार्यालय कोड | राजश्व शीर्षक | राजश्व रकम |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर | २७००२०००००१००१०००००१ | ३१२०२०२०११ | १४२२९ | व्यक्तिगत रु.१००, संस्थागत रु.२००, ५० लाख वा सो भन्दा बढी कूल लागत भएको अनुदानको लागि रु.५००।० |

वा यस कार्यालयबाट New RMIS मा नगदी रसिद काटेको भौचर।

**प्रस्ताव बुझाउने स्थान :**
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर र सम्पर्क केन्द्र ताप्लेजुङ

**डा. मनोज कुमार महतो**
**कार्यालय प्रमुख**